आज मिति २०८२/०६/०९ गते यस निस्दी गाउँपालिकाको ९३ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिस्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री पुर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८.लेखा अधिकृत श्री सरोज काफ्ले

१९.कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

**मिति २०८२। ०६।०९ गते बस्ने निस्दी गाउँपालिकाको ९३ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. निस्दी गाउँपालिकाको १८ औं अधिवेशन (बिशेष) सम्वन्धमा ।

३. मोटर बाटो मर्मत तथा लेन्थमेन बिज्ञापन सम्वन्धमा ।

४. खर्च मितव्ययी सम्वन्धमा ।

५. विविध ।

**मिति २०८२।०६।०९ गते बसेको निस्दी गाउँपालिकाको ९३ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा बिनियोजन ऐन २०८२ माथिको संसोधन/ रकमान्तर प्रस्ताव सर्वसम्मत पारित गरी गाउँ सभाको १८ औं अधिवेशन (बिशेष)मा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगतका मोटर बाटो मर्मत गरी यातायात नियमित गराउन वडा नं १ बाकामलाङ ,वडा नं २ सहलकोट तथा वडा नं ३ झिरुवासमा क्रमश १-१ लाख नबढ्ने गरी ब्याकहो लोडर मार्फत मर्मत गर्ने र बाँकी वडा नं ४ मित्याल , वडा नं ५ गल्धा , वडा नं ६ अर्चले साथै वडा नं ७ ज्यामिरेको मोटर बाटो गाउँपालिकाको व्याकहोलोडरले मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै मोटर बाटोको नियमित मर्मत संभार गर्न थप लेन्थ मेनको ७ दिने विज्ञापन  सम्वन्धित वडा कार्यालयबाट गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र स | वडा कार्यालय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाकामलाङ | १० | बढिमा ३५ दिन दैनिक ज्यालादारीमा प्रति दिन रु ६०० का दरले काम गर्न सक्ने , वडाले ७ दिनको सूचना प्रकाशन गरी दरखास्त संकलन गरी गाउँपालिकामा पेश गर्ने , गा पा ले अन्तरवार्ता मार्फत छनौट गर्ने , १८ बर्ष नाघेको ५९ बर्ष ननाघेको नेपाली नागरीक, दरखास्त दस्तुर रु १०० |
| २ | सहलकोट | ०९ | |
| ३ | झिरुवास | १० | |
| ४ | मित्याल | १३ | |
| ५ | गल्धा | १० | |
| ६ | अर्चले | १० | |
| ७ | ज्यामिरे | १० | |
| | जम्मा | ७२ जना | |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा अर्थ मन्त्रालयको च.नं. ११६ मिति २०८२/०६ /०७ गतेको पत्रानुसार यस गाउँपालिकाको चालु खर्चमा मितव्ययी हुन तालिम गोष्टी गर्दा सरकारी हल प्रयोग गर्ने , पानी विजुली लगायत सेवा खर्चमा मितब्ययी हुने , पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहन गर्ने लगायतका तोकिएका मितव्ययीता कार्यान्वयन गर्ने सर्वसम्मत प्रतिवद्दता गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत